

# अध्याय -२

## हामीसँग बाँधिएको परमेश्वरको करार

**मूल पदहरू:** *मत्ती १०:२२, यूहन्ना ६:२९, व्यवस्था २८:१-१४, हितोपदेश ३:१-१०, मलाकी ३:७-११ र मत्ती ६:२५-३३।*



***यस अध्यायको मूल सार पद:*** *"आज मैले तिमीहरूलाई आदेश दिएबमोजिम तिमीहरूले होशियारीसाथ परमप्रभु आफ्ना परमेश्वरका सबै आज्ञाहरू मानेर उहाँको वचन पालन गऱ्यौ भने, उहाँले तिमीहरूलाई पृथ्वीका सबै जातिहरूमध्ये श्रेष्ठ तुल्याउनुहुनेछ। परमप्रभु आफ्ना परमेश्वरको वचन पालन गऱ्यौ भने यी सबै आशिष् तिमीहरूलाई लाग्नेछन्, र तिमीहरूसाथ रहिरहनेछन्।" व्यवस्था २८:१-२।*

यो अचम्मको छ कि परमेश्वरले हामीसँग सम्झौताहरू गर्नुभएको छ वा करार बाँध्नुभएको छ। प्रायजसो ती सम्झौताहरू दुई पक्षिय हुन्। ती सम्झौताहरू कार्यन्वयन गर्ने जिम्मेवारी दुबै परमेश्वर र मानव जातिमा हुन्छ। दुवै पक्षहरू समावेश हुने करारको उदाहरणमा यो हो, "यदि तिमीहरूले यो गऱ्यौं भने म त्यो गर्नेछु।" वा " म यो गर्नेछु यदि तिमीहरूले त्यो गऱ्यो भने।"

दुर्लभ वा अपवादको रूपमा पनि करार वा सम्झौता हुन्छ। मानव जातसँग गर्नुभएको केही करारहरू त्यस खालका छन्, जसमा यो हुन्छ, "तिमीले गरेतापनि वा नगरेतापनि म यो गर्नेछु।" उदाहरणमा, "उहाँले दुवै खराब र असलको लागि उहाँले सूर्य उदाइदिनुहुन्छ, र न्यायी र अन्यायी

दुवैलाई उहाँले वर्षा पठाउनुहुन्छ" (मत्ती ५:४५ रूपान्तरित)। हामीले जे गरेतापनि वा नगरेतापनि घाम उदाउन र पानी पार्ने कुरोमा हामी परमेश्वरमा भरोसा राख्न सक्छौं। जलप्रलयपछि परमेश्वरले समस्ता मानव प्राणी र पृथ्वीका प्रत्येक पशुसँग यो प्रतिज्ञा बाँध्नुभएको थियो कि सारा पृथ्वीलाई ढाक्ने गरेर फेरि विश्वव्यापी जलप्रलय हुनेछैन (उत्पत्ति ९:९-१६)। यसमा हाम्रो क्रियाकलापको सरोकार छैन। उहाँले यो पनि प्रतिज्ञा गर्नुभयो, "पृथ्वी रहुञ्जेल बीउ छर्ने र फसल काट्ने समय, जाडो र गर्मी, ग्रीष्म र शिशिर, र दिन र रातको अन्त हुनेछैन।" उत्पत्ति ८:२२। हामीले जे गरेपनि नगरेपनि मौसमहरू आइरहन्छ र गइरहन्छ।

परमेश्वर र उहाँका जनहरूको बीचमा भएका केही धेरै महत्त्वपूर्ण करार वा सम्झौताहरूको बारेमा यस अध्यायमा अध्ययन गर्नेछौं। हामी यो प्रार्थना गरौं कि परमेश्वरको अनुग्रहले हामीबाट उचाली राख्नुपर्ने करार वा सम्झौतालाई उचाली राखौं।

## १ मुक्तिको करार

यस संसारमा जन्मेको र जन्मिने प्रत्येक मानिसको निम्ति येशू कलभरीमा मर्नुभएकोले मुक्ति पाउन सम्भव भएकोछ। तर मौसमहरू आउने जाने प्रतिज्ञा जस्तै मुक्ति एक पक्षिय सम्झौता होइन। मानिसहरूले मुक्ति पाउन जे प्रयास गरेतापनि सबै मानिसलाई स्वःत मुक्ति उपलब्ध गराउँदैन। यस संसारमा जन्मेर सबैले कुनै न कुनै प्रक्रियाद्वारा स्वःत मुक्ति पाउनेछन् वा कतिपय धर्महरूले सिकाएको अनुसार अनेकौं जन्म पुनर्जन्मपछि मुक्ति पाउनेछन् भन्ने धारणा बाइबलको होइन। यसलाई "जगतव्यापी" धारणा भनेर कहलाइन्छ।

येशूले यो स्पष्ट पार्नुभएको छः उहाँ सारा मानिसको निम्ति मर्नुभएतापनि यस संसारमा दुई थरीका मानिसहरू हुनेछन्, एक थरी साँगुरो बाटोमा गइरहेका हुन्छन् जसले मुक्ति पाउँछन् र अर्को थरी फराकिलो बाटोमा गइरहेका हुन्छन् जो बिनाशतिर र अनन्तको मृत्युतिर लैजान्छ (मत्ती ७:१३,१४)।

**येशूमा पाइने मुक्तिको बरदान मानिसहरूले कसरी प्राप्त गर्छन् भनेर देहायका पदहरूले हामीलाई सिकाउँदछन्, हेर्नुहोस्, "जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन।" १ यूहन्ना ५:१२; " मेरो नाउँको खातिर सबैबाट तिमीहरू घृणित हुनेछौ। तर जो**

**अन्त्यसम्म स्थिर रहन्छ, त्यसैको उद्धार हुनेछ।" मत्ती १०:२२; "येशूले तिनीहरूलाई भन्नुभयो, "परमेश्वरको काम यही होः जसलाई उहाँले पठाउनुभयो उसमाथि विश्वास गर।"**

**यूहन्ना ६:२९; "यसैकारण भाइ हो, तिमीहरूको बोलावट र चुनाउ निश्चय गर्नलाई अझ जोशिला होओ, किनकि यी कुरा गर्नाले तिमीहरू कहिल्यै लोट्नेछैनौ। किनभने यसरी हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यभित्र तिमीहरूलाई भव्य स्वागतसाथ प्रवेश मिल्नेछ।" २ पत्रुस १:१०-११।**

मुक्ति भनेको दुई पक्षिय सम्झौता वा करार हो भन्ने ज्ञान पावलले बुझेका थिए। आफूलाई छिट्टै मारिनेछ भन्ने कुरो पावललाई थाहा थियो, उनका धेरै मित्र तथा सहकर्मीहरूले उनलाई त्यागेका थिए, तैपनि मुक्तिको निम्ति आफ्नो तर्फबाट गरिनुपर्ने जिम्मेवारीलाई पूरा गरेको भनेर उनको प्रिय मित्र तिमोथीलाई यो सुनाएका थिए, "किनभने, म त बलिको रूपमा अर्पण हुन लागेको छु, र मेरो बिदाइको बेला आएको छ। मैले उत्तम लड़ाइँ लड़ेको छु। मैले दौड सिद्ध्याएको छु। मैले विश्वासलाई बचाइराखेको छु। अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ।" २ तिमोथी ४:६-८।

पावलले भन्दछन्, "म अब मर्न तयार छु। मैले लड्नुपर्ने उत्तम युद्ध लडिसकेको छु। मेरो दौड सकियो। मैले विश्वासलाई साँचिराखेको छु।" मुक्ति भनेको व्यवस्था पालन गरेर होइन विश्वासद्वारामात्रै पाइन्छ भन्ने कुरामा पावल जिकिर गरेका थिए। यहाँ उनी आफ्ना काम वा उपलब्धीहरू परमेश्वरको निगाहा पाउन होइन भन्ने पक्षमा भएको देखाएको त छैन। उनको निम्ति धार्मिकताको मुकुट पर्खिरहेको छ भन्दा येशूको धार्मिकतालाई औँल्याउँछ। आफ्नो जीवनको अन्तिम घडिसम्म विश्वासद्वारा येशूको धार्मिकतालाई पकडि राखेको भनेर उनले दावी गर्दछन्।

*मुक्ति भनेको कुनै धर्मकर्म गर्दै दावी गर्ने उपहार नभएतापनि त्यस उपहारलाई स्वीकार्ने र नस्वीकार्नेको बीचमा के भिन्नता छ? जब हामीले त्यो उपहार हामी ग्रहण गर्छौं तब हाम्रो पक्षबाट के गर्न अपेक्षा गरिएकोछ ?*

व्यवस्थाको पुस्तक मोशाको बिदाइ सन्देश लिखितरूपमा प्रस्तुत गरिएको छ। चालिस वर्षसम्म मरुभूमिमा यात्रा गर्ने इस्राएलीहरूको दोस्रो पुस्तालाई यो सन्देश दिएको थियो। यरिहोको पूर्वपत्ती रहेको मोआब क्षेत्रमा दिएको सन्देशहरू व्यवस्थाको पुस्तकमा लेखिएको छ। यस पुस्तकलाई "सम्झनाको पुस्तक" भनेर पनि उपयुक्त नाउँ दिएको छ।

परमेश्वरले आफ्नो पक्षबाट विश्वाससाथ इस्राएलीहरूसँग कसरी कारोबार गर्नुभएको थियो भने मोशाले यस पुस्तकमा समिक्षा गर्दछन्। सिनै पहाडदेखि प्रतिज्ञा गरिएको देशको सीमाना कादेश बार्नियासम्मको यात्रा, इस्राएलीहरूको विद्रोह र ४० वर्षसम्मको उजाडस्थानमा भौंतारिनुपरेको वर्णन उनले गर्दछन्। उनले दश आज्ञाहरूलाई फेरि दोहोऱ्याउँछन्, दशांस र मूख्य भन्डारको आवश्यकताको बारेमा उल्लेख गर्दछन्। तर व्यवस्थाको पुस्तकको मूल शिक्षाचाहिँ परमेश्वरका आज्ञाहरू पालन गर र उहाँले दिनुहुने आशिषहरूको उपभोग गर हो। आफ्ना जनहरूको हेरचाह गर्न, तिनीहरूको सर्वोच्च हित गर्न परमेश्वर सक्षम् हुनुहुन्छ भनेर मोशाले उहाँको चित्रण गर्दछ।

**व्यवस्था २८:१-१४ पढ्नुहोस्। इस्राएलीहरूलाई के आशिषहरूको प्रतिज्ञा दिइएको छ? तर तिनीहरूलाई पाउन र तिनीहरूको उपभोग गर्न तिनीहरूको तर्फबाट के गर्नुपर्दथ्यो? हेर्नुहोस्, "१ आज मैले तिमीहरूलाई आदेश दिएबमोजिम तिमीहरूले होशियारीसाथ परमप्रभु आफ्ना परमेश्वरका सबै आज्ञाहरू मानेर उहाँको वचन पालन गऱ्यौ भने, उहाँले तिमीहरूलाई पृथ्वीका सबै जातिहरूमध्ये श्रेष्ठ तुल्याउनुहुनेछ। २ परमप्रभु आफ्ना परमेश्वरको वचन पालन गऱ्यौ भने यी सबै आशिष् तिमीहरूलाई लाग्नेछन्, र तिमीहरूसाथ रहिरहनेछन्: ३ तिमीहरूले सहरमा आशिष् पाउनेछौ, र गाउँ-बस्तीमा आशिष् पाउनेछौ। ४ तिमीहरूका सन्तानमाथि आशिष् पर्नेछ, साथै खेतका उब्जनीमाथि, गाईबस्तुका बाछा-बाछीमाथि, भेड़ाबाख्राका पाठापाठीमाथि। ५ तिमीहरूको डालो र तिमीहरूको पीठो मुछ्ने आरीमा आशिष् पर्नेछ। ६ भित्र आउँदा र बाहिर जाँदा तिमीहरूले आशिष् पाउनेछौ। ७ तिमीहरूका विरुद्धमा आउने शत्रुहरूलाई परमप्रभुले तिमीहरूकै सामु परास्त गर्नुहुनेछ। उनीहरू तिमीमाथि एक बाटो आउनेछन्, तर तिमीबाट सात बाटा भाग्नेछन्। ८ परमप्रभुले तिमीहरूको ढुकुटीमा र तिमीहरूका सबै काममा आशिष् दिनुहुनेछ। परमप्रभु तिमीहरूका**

**परमेश्वरले दिनुहुने देशमा उहाँले तिमीहरूलाई आशिष् दिनुहुनेछ। ९ परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरू मानेर उहाँका मार्गमा हिँड्यौ भने, उहाँले तिमीहरूलाई शपथ खाएर प्रतिज्ञा गर्नुभएझैं तिमीहरूलाई आफ्नो लागि एक पवित्र जाति बनाएर स्थापित गर्नुहुनेछ। १० तब पृथ्वीका समस्त मानिसहरूले तिमीहरू परमप्रभुका नाउँले कहलिएका हौ भनी थाहा पाउनेछन् र तिमीहरूसँग डराउनेछन्। ११ तिमीहरूलाई दिन्छु भनी तिमीहरूका पुर्खाहरूलाई प्रतिज्ञा गर्नुभएको देशमा तिमीहरूका सन्तान, गाईबस्तु र भूमिको उब्जनीमाथि परमप्रभुले प्रशस्त उन्नति दिनुहुनेछ।**

**१२ परमप्रभुले आकाश, आफ्नो प्रशस्तताको भण्डार उघारेर तिमीहरूको भूमिमा ठीक ऋतुमा झरी पठाउनुहुनेछ, र तिमीहरूका हातका सबै मेहनतमा आशिष् दिनुहुनेछ। तिमीहरूले धेरै जातिलाई ऋण दिनेछौ, तर कसैबाट ऋण लिनेछैनौ। १३ मैले आज तिमीहरूलाई दिएका परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरूमा ध्यान दिएर ती होशियारीसाथ पालन गर्‍यौ भने, परमप्रभुले तिमीहरूलाई पुच्छर होइन तर शिर तुल्याउनुहुनेछ। तिमीहरू सधैं टुप्पामा हुनेछौ, कहिल्यै फेदमा पर्नेछैनौ। १४ मैले आज तिमीहरूलाई दिएका आदेशहरूमध्ये कुनैबाट दाहिने र देब्रेतिर लागेर अन्य देवताहरूका पछि लागी तिनीहरूको सेवा नगर।"**

इस्राएलीहरूको निम्ति अनेकौं अचम्म र आश्चर्यका आशिषहरू दिने परमेश्वरको मनमा थियो भनेर तिनीहरूले बुझुन भन्ने कुरोमा मोशा धेरै उत्सुक थिए। उनका बोलीहरूमा "यदि तिमीहरूले दिलोज्यानसाथ उहाँको कुरा सुन्यौभने," भनेर उल्लेख गर्दै तिनीहरूको अनन्त जीवनको सवाल बारेमा तिनीहरूलाई सम्झाएका थिए। यहाँ यथार्थमा आत्मनिर्णयको स्वतन्त्रताको बारेमा प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ। तिनीहरू परमेश्वरले चुन्नुभएको राष्ट्र, महान् आशिष र प्रतिज्ञाहरूको उपभोग गर्न पाउने, तर ती आशिष र प्रतिज्ञाहरू तिनीहरूले बिनासर्त पाउने थिएन। ती आशिष र प्रतिज्ञाहरूलाई तिनीहरूले स्वीकार गर्नुपर्थ्यो, पाउनुपर्दथ्यो र त्यसै अनुसार चल्नुपर्दथ्यो र उहाँले तिनीहरूबाट कुनै धेरै गाह्रो कुराको अपेक्षा गर्नुभएको थिएन। आशिष पाउन आफ्नो शरीरलाई अनेकौं कष्ट दिनु पर्छ भनेर परमेश्वरले माग गर्नुभएको थिएन। मोशाले यस कुरालाई यसरी पुष्टि गर्दछन्, "११ आज मैले तिमीहरूलाई दिएको आज्ञा तिमीहरूका निम्ति साह्रै गाह्रो वा टाढ़ो छैन। १२ “हाम्रा निम्ति स्वर्गमा उक्लेर कसले त्यो ल्याइदिएर हामीलाई बताइदिने र

हामी त्यो पालन गरौं?" भनी तिमीहरूले भन्नुपर्दैन, किनभने त्यो स्वर्गमा छैन। १३ "कसले सागर पारि गएर हामीलाई त्यो ल्याइदिएर हामीलाई सुनाइदिने र हामी त्यो पालन गरौं?" भनी तिमीहरूले भन्नुपर्दैन, किनभने त्यो सागरको पल्लो छेउमा पनि छैन। १४ तर तिमीहरूले पालन गर्नलाई वचन तिमीहरूको नजिकै छ– तिमीहरूकै मुख र तिमीहरूकै हृदयमा छ।" व्यवस्था ३०:११-१४।

आशिषहरूको साथमा चेतावनीहरू पनि दिएका थिए। यदि तिनीहरूले परमेश्वरका वचनहरूलाई अवज्ञा वा भङ्ग गरेर चल्यो भने तिनीहरूले श्रापहरूपनि पाउनेछन् भनेर व्यवस्था २८:१५-६८मा मोशाले उल्लेख गर्दछन्। अर्थात् तिनीहरूको पाप र विद्रोहले तिनीहरूले कस्ता कस्ता नतिजाहरू भोग्नुपर्नेछ भनेर स्पष्ट पारिएको छ।

*वर्तमान समयमा हाम्रो निम्ति "परमेश्वरको वचनलाई दिलोज्यानले सुन्नु" भन्नुको अर्थ के हो? हामीबाट उहाँले के अपेक्षा गर्नुभएको छ ?*

## ३ परमेश्वरको आदर गर

हितोपदेशको पुस्तक प्रत्येक व्यक्तिको निम्ति अत्यन्तै उपयोगी छ। यसमा के ठिक वा असल छ र के बेठिक वा खराब छ भनेर बुझाउन खोजिएकोमात्र छैन तर यसमा बुद्धि र मूर्खताको बारेमा पनि सिकाउँदछ। जब कसैले यो पुस्तक सरसरती पढ्यो भनेमात्रै ज्ञानबुद्धीको फाइदा र मुर्ख हुनुको खराब वा बेफाइदा के छ भनेर छर्लङ्ग पारेको छ।

**हितोपदेश २:१-१० पढ्नुहोस्। यसमा के अचम्मका प्रतिज्ञाहरू उल्लेख गरेकाछन्? "आफ्ना उब्जनीका सबै अगौटे फल" भन्नुको अर्थ के हो? हेर्नहोस्: "१ हे मेरो छोरो, मेरो शिक्षालाई नभुल्, तर मेरा आज्ञाहरू आफ्नो हृदयमा लुकाइराख्। २ किनभने तिनले तिमीलाई दीर्घायु बनाउनेछन् र तिम्रो लागि सम्पन्नता ल्याउनेछन्। ३ भक्ति र विश्वासयोग्यताले तिमीलाई कहिल्यै नछोडून्, ती तिमीले आफ्नो गलामा बाँधिराख्, आफ्नो हृदयको पाटीमा ती लेखिराख्। ४ तब परमेश्वर र मानिसको दृष्टिमा तिमीले निगाह पाउनेछौ र असल नाउँ कमाउनेछौ। ५ आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् र तिम्रो आफ्नै समझशक्तिमा भर नपर् ६ आफ्ना सारा मार्गमा उहाँलाई सम्झ, र उहाँले तिम्रा मार्गहरू सोझा तुल्याइदिनुहुनेछ। ७ आफ्नै नजरमा बुद्धिमान्**

**नहोऊ, परमप्रभुको भय मान् र दुष्कर्मलाई त्याग्। ८ यसले तिम्रो शरीरलाई स्वस्थ तुल्याउनेछ र तिम्रो हड्डीको लागि पोषण दिनेछ। ९ आफ्नो धन-सम्पत्ति र आफ्ना सबै उब्जनीको अगौटे फलले परमप्रभुको आदर गर, १० तब तिम्रा ढुकुटीहरू पोखुन्जेल भरिनेछन्, र तिम्रा भाँड़ाहरू नयाँ दाखरसले चुलिएर पोखिनेछन्।" हितोपदेश ३:१-१०।**

हाम्रा सबै सम्पत्तिको व्यवस्थापनमा परमेश्वरलाई पहिलो स्थानमा राख भनेर परमेश्वरले हामीलाई भन्नुभएको छ। सबै थोकको हर्ताकर्ता उहाँ नै हुनुहुन्छ भनेर हामीलाई महसुस गराउन त्यो भनिएको हो। उहाँले नै सबै थोकहरू हामीलाई उपलब्धि गराउनुहुन्छ भनेर उहाँमाथि विश्वास दिलाउन पनि हाम्रो सबै थोकहरूमा उहाँलाई प्राथमिकता दिनु जरुरी छ। अझ उहाँले भन्नुहुन्छ यदि हाम्रो जीवनमा उहाँलाई पहिलो स्थानमा राख्यौं भने हामीसँग बाँकि जे छ त्यसलाई उहाँले आशिष दिनुहुनेछ। सबै थोकहरूमा उहाँलाई पहिलो स्थान दिनुको अर्थ उहाँलाई हामीले विश्वास गर्छौं भनेर देखाएका हुन्छौं। यसले उहाँमाथि हामीले भरोसा राखेकाछौं भनेर पनि देखाएका हुन्छौं। हाम्रो सबै हृदयले उहाँमाथि भरोसा राखेका भनेर हाम्रो व्यवहारले प्रकट गरिरहेको हुन्छ, साथै हामी आफ्नै लिँडे ढिपीमा नचली अर्थात् मलाई सबै थोक थाहा छ भनेर आफ्नै समझशक्तिमा भर नपरिरहेको हामी देखाइरहेका हुन्छौं। यो धेरै महत्त्वपूर्ण छ किनकि कतिपय समयमा हामी के गर्छौं त्यो हामीलाई थाहा हुँदैन र बुझ्दैनौं पनि। हाम्रै कामको नतिजा कतिपय समयमा अर्थ न बर्थको भएको हामीलाई थाहा छ।

क्रूसलाई मध्यनजरमा राख्दा उहाँको प्रेम र उहाँमाथि भरोसा राख्ने सिवाय हामीले अरू बिकल्प नै देख्न नसक्ने हुन्छौं। येशूमा हामी प्रत्येकलाई के दिनुभएको छ सो महसुस गर्नुपर्दछ। उहाँ सृष्टिकर्ता (यूहन्ना १:१-४) र संभारकर्ता (हिब्रू १:३)मात्र होइन हाम्रो उद्धारकर्ता पनि हुनुहुन्छ। जब ती आत्मज्ञान हाम्रो हृदयमा पल्हाउँछ तब हामीलाई दिएको पहिलो आशिष वा अगौटे फल उहाँलाई फर्काउन सक्नुबाहेक अरू के दिन सक्छौं र?

"दशांस आफ्नै हो भनेरमात्रै उहाँले दावी गर्नुहुन्न र यसलाई उहाँको निम्ति कसरी आरक्षित गर्नुपर्छ भनेर पनि उहाले हामीलाई भन्नुहुन्छ। उहाँले भन्नुहुन्छ, "आफ्नो धन-सम्पत्ति र आफ्ना सबै उब्जनीको अगौटे फलले परमप्रभुको आदर गर" (हितोपदेश ३:९)। यसको अर्थ यो होइन कि हामीले आर्जन गरेको आय पहिले हामीलाई नै प्रयोग गर्ने अनि बाँकि भएको उहाँलाई

चढाउने होइन चाहे त्यो दिलैदेखि चढाएको दशांस किन नहोस्। तर परमेश्वरको भाग पहिले अलक राखियोस्।" एलेन जी ह्वाइट, *काउन्सिल अन स्टवार्डशिप,* पृ. ८१बाट रूपान्तरित।

यदि हामीले उहाँलाई प्राथमिकता दियौं भने हाम्रा भकारी उहाँले भरिदिनुहुन्छ भनेर परमेश्वरले भन्नुहुन्छ। तर यो स्वःत वा आश्चर्य कामले हुने होइन; अर्थात् तपाईं एकदिन एकाबिहानै उठेर तपाईंका भकारी र फलफूलको रसले अचानक भरिएको सिसीहरू पाउनुहुन्न।

बरु, बाइबलमा असल भन्डारे वा व्यवस्थापक कसरी हुने भन्ने नीतिहरू तोकिएका छन्। हामीले जे गर्छौं त्यो योजनावद्धरूपमा हुनुपर्दछ, हामीसँग भएका पैसालाई जिम्मेवारपूर्वक चलाउन जान्नुपर्दछ। हामीसँग भएका सबै थोकहरू विश्वाससाथ जिम्मेवारसाथ चलाउनु नै हाम्रो पहिलो प्राथमिकता हुनुपर्छ भनेर परमेश्वरले हामीलाई बताउनुहुन्छ।

*अत्यन्तै कठिन आर्थिक अवस्थामा परमेश्वरमाथि हामीले कसरी भरोसा राख्ने? हामी परमेश्वरमा विश्वाससाथ चलेतापनि पनि कतिपय समयमा हाम्रा भकारीहरू खालि नै भएको हुन्छ र पिउने कुरो पनि अभावै भएको हुन्छ। त्यस परिस्थितिमा पनि परमेश्वरका प्रतिज्ञाहरूलाई आत्मसात गरेर कसरी चल्ने ?*

## ४. दशांस परमेश्वरसँग हाम्रो आर्थिक कारोबारको सम्झौता हो

दशांस दिने मामिलामा र हाम्रो  सम्बन्ध परमेश्वरको बीचमा धेरै नजिक आत्मिक सम्बन्ध छ। जब इस्राएलीहरूले परमेश्वरका आज्ञा पालन गरे र इमान्दारितासाथ दशांस दिए तब तिनीहरूको उन्नति राम्रो भएको थियो। तिनीहरू सम्पन्न भएका थिए। त्यसको बिपरित, जब तिनीहरूले ती दुई कुराहरूमा चुके, तब तिनीहरू कठिन परिस्थितिमा गुज्रनु परेको थियो। तिनीहरूको जीवनको श्रृङ्खला यसरी गुज्रेको हामी देख्छौंः जब तिनीहरूले परमेश्वरका आज्ञाहरू पालन गरे तब तिनीहरूको उन्नति भएको थियो, तर जब तिनीहरूले परमेश्वरप्रति विश्वासघाट गरे वा उहाँका आदेशहरू पालन गरेन तब तिनीहरूमा समस्या र अवनति भएको थियो। इस्राएलीहरूको परमेश्वरसँगको सम्बन्धमा तलमाथि भएको बेलामा वा परमेश्वरलाई विश्वासघात गरेको बेलामा परमेश्वरले उहाँका अगमवक्ता मलाकीबाट आफ्ना जनहरूसँग दुई पक्षिय सम्झौता गर्नुभएको थियो।

**मलाकी ३:७-११ पढ्नुहोस्। यहाँ उल्लेख गरेका प्रतिज्ञाहरू के के छन् र ती प्रतिज्ञाहरूको उपभोग गर्न इस्राएलीहरूको के जिम्मेवारी छ? हेर्नुहोस्, "तिमीहरूका पिता-पुर्खाको समयदेखि नै तिमीहरू मेरा उर्दीहरूदेखि तर्केर गएका छौ, र ती तिमीहरूले पालन गरेका छैनौ। मतिर फर्क, र म तिमीहरूतिर फर्कनेछु," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "तर तिमीहरू त सोध्छौ, 'हामी कसरी फर्कौं?' "के कुनै मानिसले परमेश्वरलाई लुट्छ र? तापनि तिमीहरू मलाई लुट्दछौ। "तर तिमीहरू सोध्छौ, 'कसरी हामीले तपाईंलाई लुट्यौं र?' "दशांशको भेटीमा। सराप परेर तिमीहरू श्रापित भयौ, किनकि तिमीहरूले मलाई लुटिरहेछौ– तिमीहरू सम्पूर्ण जातिले। सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस्। यसमा मलाई जाँचेर हेर," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउँछु वा बर्साउँदिनँ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "म तिमीहरूका अन्नबाली स्वाहा पार्ने रोग निको पारिदिनेछु, र तिमीहरूका बारीमा भएका दाखका बोटका फलहरू झर्नेछैनन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।"**

यदि मानिसहरू परमेश्वरतिर फर्क्यो भने उहाँपनि तिनीहरूतिर फर्कनुहुनेछ भनेर परमेश्वरले तिनीहरूलाई प्रतिज्ञा गर्नुभएको थियो। उहाँतिर फर्कनु भनेको के हो भनेर जब तिनीहरूले उहाँसँग सोधे तब उहाँले स्पष्टसँग यो बताउनुभयो, "दशांस र भेटी नदिएर मलाई लुट्नबाट रोक। परमेश्वरसँग तिनीहरूले लुटिरहेकोले वा ठगी रहेकोले नै तिनीहरूमा अनेकौं श्रापहरू आएका थिए। श्रापबाट बच्न परमेश्वरको समाधान यो छ, "तिमीहरूको सबै दशांस वा पूरै दशांस मेरो ढुकुटीमा ल्याऊ" (मलाकी ३:१० रूपान्तरित)। यदि तिमीले यो काम गर्‍यौं भने "म तिमीहरूको निम्ति स्वर्गका झ्यालहरू खोलीदिनेछु। तिमीहरूलाई यतिका आशिषहरू वर्षाइदिनेछु कि तिमीहरूको भन्डारमा राख्ने ठाउँ पनि हुनेछैन" (रूपान्तरित)। यदि परमेश्वरको पाएको प्रशस्त आशिष राख्ने ठाउँ हामीमा छैन भने उब्रेका आशिषहरू अरूहरूलाई सहायता गर्न र परमेश्वरको कामको निम्ति प्रगति गर्न सहयोग गर्न सक्छौं।

"जुन परमेश्वरले तपाईंको निम्ति एकमात्र पुत्र मर्नलाई दिनुभयो उहाँले तपाईंसँग करार वा सम्झौता गर्नुभएको छ। उहाँले तपाईंलाई आशिषहरू दिनुहुन्छ, र त्यसको वापसमा उहाँका दशांस र भेटीहरू उहाँलाई नै फर्काओस् भन्ने उहाँको माग छ। यस बारेमा मलाई केही थाहा छैन वा बुझेको छैन भन्ने आँट कसैले गर्न सक्दैन। दशांस र भेटीको बारेमा

परमेश्वरको योजना मलाकी तीन अध्यायमा स्पष्टरूपमा उल्लेख गरिएको छ। मानिसहरूले परमेश्वरसँग गरिएको सम्झौताप्रति (वा बप्तिस्माको बेलामा खाएको शपथ) प्रतिवद्ध हुन उहाँले माग राख्नुहुन्छ। परमेश्वरले मानिसहरूसँग गरेको करार वा सम्झौतालाई कदर गर्न उहाँले आह्वान गर्नुहुन्छ।"-एलेन जी ह्वाइट, *काउन्सिल अन स्टुवार्डशिप,* पृ. ७५बाट रूपान्तरित।

परमेश्वरको आज्ञा पालन गरेर सकारात्मक परिणामा भएको विवरण यहूदाको असल  राजा हिजकियाको शासनकालमा भएको लेखाले बताउँछ। त्यसबेला यहूदाका मानिसहरूको बीचमा सत्य आत्मिक जागरण भएको थियो। मानिसहरूले दशांस र भेटीहरू विश्वाससाथ मन्दिरको भन्डारमा ल्याउन थालेका थिए। यतिका दशांस र भेटीहरू आएका थिए कि मन्दिरकै परिसरमा तिनीहरू थुपार्न परेको थियो। २ इतिहास ३१:२-१५ले यस मामिलामा यसरी बताउँछ कि जब "२ त्यसपछि हिजकियाले पूजाहारीहरू र लेवीहरूलाई दल-दल गरी होमबलि र मेलबलि चढ़ाउन, सेवा गर्न, धन्यवाद दिन र परमप्रभुको मन्दिरका ढोकाहरूमा प्रशंसा गर्न आ-आफ्ना विशेष कामहरू हरेकलाई खटाइदिए। ३ राजाले आफ्नै भण्डारबाट बिहान र बेलुकाका होमबलिका निम्ति, अनि शबाथ, औंसी र तोकिएका चाड़हरूका निम्ति परमप्रभुको व्यवस्थामा लेखिएबमोजिम जुटाइदिए। ४ पूजाहारीहरू र लेवीहरू परमप्रभुको व्यवस्थामा नै लागिरहून् भनेर राजाले यरूशलेममा बस्ने मानिसहरूलाई तिनीहरूले दिनुपर्ने भाग जुटाइदिऊन् भनी हुकुम गरे। ५ राजाको हुकुम इस्राएलीहरूलाई दिने बित्तिकै तिनीहरूले आफ्ना अन्न, नयाँ दाखमद्य, तेल, मह र जमिनका सबै उब्जनीका अगौटे फल दिए। तिनीहरूले प्रशस्त मात्रामा– थोकको पूरा दशांश ल्याए। ६ यहूदाका सहरमा बस्ने इस्राएलीहरू र यहूदीहरूले पनि गाईबस्तुको दशांश, अनि परमप्रभु तिनीहरूका परमेश्वरमा अर्पण गरिएका सबै थोकको दशांश ल्याएर थुपारे। ७ तिनीहरूले तेस्रो महिनामा थुपार्न सुरु गरे, र सातौं महिनामा सिद्ध्याए। ८ हिजकिया र तिनका अधिकारीहरू आएर ती थुपारिएका कुरा देख्दा, तिनीहरूले परमप्रभु र उहाँको प्रजा इस्राएललाई धन्यवाद दिए। ९ यी थुपारिएका कुराहरूको विषयमा हिजकियाले पूजाहारीहरू र लेवीहरूसित सोधपूछ गरे। १० सादोकको वंशका प्रधान पूजाहारी अजर्याहले जवाफ दिए, "मानिसहरूले परमप्रभुको मन्दिरमा आ-आफ्नो भेटी ल्याएको समयदेखि यसो हामीहरूलाई खानका निम्ति प्रशस्त भयो अनि उब्रेका पनि छन्, किनभने परमप्रभुले उहाँको प्रजालाई यति धेरै आशिष् दिनुभएको छ,

कि यी धेरै कुरा उब्रेका पनि छन्।" ११ तब हिजकियाले परमप्रभुको मन्दिरमा भण्डारहरू तयार गर्न हुकुम गरे, र ती तयार गरिए। १२ अनि मानिसहरूले ईमानदारीसाथ आ-आफ्ना भेटीहरू, दशांश र तिनीहरूले अर्पण गरेका दानहरू ल्याए। तिनको जिम्मा लिने अधिकृत लेवी कोनन्याह थिए, अनि तिनका भाइ शिमीचाहिँ उपअधिकृत थिए। १३ राजा हिजकिया र परमेश्वरको मन्दिरका अधिकारी अजर्याहले कोनन्याह र तिनका भाइ शिमीलाई सहायता गर्न यहीएल, अजज्याह, नहत, असाहेल, यरीमोत, योजाबाद, एलीएल, यिस्मक्याह, महत र बनायाहलाई नियुक्त गरेका थिए। १४ परमप्रभुलाई दिएका थोकहरू र अर्पण गरिएका दानहरू बाँड्न परमेश्वरको निम्ति ल्याएका राजीखुशीका भेटीहरू लेवी यिम्नाका छोरा पूर्व ढोकाका द्वारपाल कोरेको जिम्मामा थिए। १५ दलदलअनुसार ठूला-साना सङ्गी-पूजाहारीहरूलाई ठीक-ठीक हिस्सा बाँड्न पूजाहारीहरूका सहरहरूमा अदन, मिन्यामीन, येशूअ, शमायाह, अमर्याह र शकन्याहले कोरेलाई ईमानदारीसाथ सहायता गरे।"

*तपाईंले दशांस दिँदा वा नदिँदा तपाईंको आत्मिक जीवन र परमेश्वरसँगको सम्बन्धको बारेमा के बताउँछ ?*

## ५ परमेश्वरको राज्य पहिले खोजिगर

सर्वसाधारण मानिसहरूले येशूका वचनहरू सुन्न अत्यन्तै रुचाउँथे (मर्कूस १२:३७)। प्रायजसो येशूको पछि लाग्ने र उहाँका वचनहरू सुन्ने भिँडहरू यस्तै सर्वसाधारण र निम्नवर्गका मानिसहरू थिए। तिनीहरूलाई नै येशूले ख्वाउनुभएको थियो र तिनीहरूले नै डाँडामा उहाँले दिनुभएको उपदेश सुनेका थिए। तिनीहरूको आवश्यकताप्रति संवदनशीलभएर बोल्नुभएको थियोः मलाई थाहा छ तिमीहरूले आफ्ना परिवारहरूलाई कसरी सम्हाल्ने भनेर चिन्ता गरेको मलाई थाहा छ। गाँसबासकपासको निम्ति तिमीहरू फिक्री गर्छौं। तर त्यो फिक्री तार्न तिमीहरूको सामु यो प्रस्ताव राख्दछु....

उहाँको प्रस्ताब र प्रतिज्ञाहरू मत्ती ६:२५-३३मा उल्लेख गरिएको छ। उहाँका प्रतिज्ञाहरूको उपभोग गर्न मानिसहरू के गर्नुपर्दथ्यो? हेर्नुहोस्, "२५ "यसैकारण म तिमीहरूलाई भन्दछु, 'के खाउँला, के पिउँला' भनी आफ्नो प्राणको निम्ति र 'के लगाउँला' भनी आफ्नो शरीरको निम्ति फिक्री नगर।' के जीवन खानेकुराभन्दा र शरीर लुगाफाटाभन्दा उत्तम होइन? २६ आकाशका चराचुरुङ्गीलाई हेर। तिनीहरूले न त बीउ छर्छन्, न अन्न कटनी गर्छन्, न

भकारीमा बटुल्छन्, तर तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। के तिमीहरू तिनीहरूभन्दा बढ़ी मूल्यवान् छैनौ र? २७ तिमीहरूमध्ये कुनचाहिँले फिक्री गरेर आफ्नो आयुमा एक घड़ी पनि थप्न सक्छ? २८ "अनि लुगाफाटाका निम्ति तिमीहरू किन फिक्री गर्दछौ? मैदानका लिली फूललाई हेर, ती कसरी बढ्दछन्। तिनले न परिश्रम गर्दछन्, न धागो कात्छन्। २९ तर म तिमीहरूलाई भन्दछु, सोलोमन राजा पनि आफ्ना सारा वैभवमा तिनीहरूमध्ये एउटा जति आभूषित थिएनन्। ३० आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए अल्पविश्वासी हो, के तिमीहरूलाई झन् बढ़ी उहाँले पहिराउनुहुनेछैन र? ३१ यसकारण 'के खाऔंला?' कि 'के पिऔंला?' कि 'के पहिरौंला?' भनेर फिक्री नगर। ३२ किनकि अन्यजातिहरूले यी सब थोक खोज्दछन्, र तिमीहरूका स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ। ३३ तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्।" (याद गर्नुहोस् परमेश्वरको राज्यमा नीति वा आज्ञा छ, त्यो हो "तिमीले छ दिन परिश्रम गर्नु") । ३४ यसकारण भोलिको निम्ति फिक्री नगर, किनकि भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ। आजको दुःख आजको निम्ति पर्याप्त छ।"

परमेश्वरले दिनुभएका धेरै प्रतिज्ञाहरूमा दुई पक्षिय कार्यान्वयन हुन्छ। परमेश्वरको आशिष हामीले पाउन, हामीले हाम्रो भाग पनि खेल्नुपर्दछ।

**परमेश्वरसँग शान्ति हुन के गर्नुपर्छ भनेर यशैया २६:३ पढ्नुहोस्, "जसको मन तपाईंमा अड़िएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राखेको छ।" यशैया २६:३।**

**यदि हामीले हाम्रा पापहरू, गलत आनिबानीहरूको स्वीकार गर्‍यौं भने येशूले के गर्नुहुन्छ रे? हेर्नुहोस् १ यूहन्ना १:९ " यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।"**

**परमेश्वरका "यदीहरू" र "अनिहरू"को प्रस्ताव के हुन्? हेर्नुहोस् २ इतिहास ७:१४ "यदि मेरो आफ्नै नाउँ दिइएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ, र यदि मलाई खोजेर आफ्ना दुष्ट चालहरूबाट फर्कन्छ, तब**

**म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु, र तिनीहरूका पाप क्षमा गर्नेछु, र तिनीहरूको देशलाई म स्वस्थ्य पार्नेछु।"**

माथिका पदहरू र अरू धेरै पदहरूले एउटा महत्त्वपूर्ण तथ्यलाई प्रकट गर्दछः परमेश्वर सार्वभौमिक वा सर्वेसर्वा हुनुभएतापनि, उहाँ सृष्टिकर्ता र संभारकर्ता हुनुभएतापनि, हाम्रो कुनै असल र धर्मकर्मको कारणले प्राप्त हुने मुक्ति होइ तर अनुग्रहको बरदान भएतापनि यस पृथ्वीमा परमेश्वर र सैतानको बीचमा भइरहेको महान् द्वन्द्वमा खेल्न हाम्रो पनि भाग छ। हामीलाई आत्मनिर्णय, आफू खुशी चुन्ने गरिमामय र पवित्र बरदान र स्वतन्त्रतालाई प्रयोगमा ल्याएर पवित्र आत्माको आवाजलाई सुनेर परमेश्वरले खटाउनुभएको काममा लाग्नु हामीले आवश्यकता ठान्नुपर्दछ। परमेश्वरले हामीलाई आशिषहरू र जीवन प्रदान गर्न चाहनुभएतापनि यदि हामीले श्राप र मृत्युलाई चुन्यौं भने त्यसको दोष परमेश्वरलाई (नेपाली लोकभाषाको अनुसार भाग्य) दिनु सरासर अन्याय हो। त्यसकारण परमेश्वरले सिधै यो भन्नुहुन्छ, "आज म स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्धमा साक्षी राख्तछु, कि मैले तिमीहरूका अगि जीवन र मृत्यु, आशिष् र श्राप राखेको छु। अब जीवन नै रोज, ताकि तिमीहरू र तिमीहरूका बालबच्चाहरू जिउन सक, र परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्दै, उहाँका आज्ञा मान्दै र उहाँसँगै लीन बन्दै बाँचिरहो। किनकि परमप्रभु नै तिमीहरूको जीवन हुनुहुन्छ, र तिमीहरूका पुर्खा अब्राहाम, इसहाक र याकूबसित उहाँले दिन्छु भनी शपथ खानुभएको देशमा उहाँले तिमीहरूलाई दीर्घायु बनाउनुहुनेछ।" व्यवस्था ३०:१९-२०।

**उपसंहार:**

**थप जानकारी:** "संसारको कुनै पनि युगमा जब परमेश्वरका जनहरूले खुशीसाथ र हृदयदेखि नियमितरूपमा उदार हुने वा दशांस र भेटीहरू दिने उहाँको योजनालाई कार्यन्वयन गर्दा तिनीहरूले नहल्लिने उहाँको प्रतिज्ञाहरूको उपभोग गर्न पाएको महसुस गरेकाछन् । तिनीहरूको परिश्रममा परमेश्वरले आशिषदिनुभएको र तिनीहरूलाई सम्पन्न गर्नुभएको पनि तिनीहरूले पाएका छन्। परमेश्वरका आदेशहरूको पालना गरेको अनुपातमा उहाँले तिनीहरूलाई सम्पन्न गराउनुभएको थियो। जब तिनीहरूले परमेश्वरलाई आत्मसात् गर्दै उहाँका आदेशहरू पालन गर्दै उहाँलाई सबै थोकहरूले सम्मान गरेका थिए भने उहाँले तिनीहरूको ढुकुटी प्रसस्तमात्रा भरिदिनुभएको थियो । जब तिनीहरूले दशांस र भेटीहरूमा परमेश्वरलाई ठग्न वा लुट्न थाल्यो भने तिनीहरूलाई यो महसुस गराउनुभएको थियो कि तिनीहरूले परमेश्वरलाईमात्र होइन आफूहरूलाई पनि ठगीरहेको थियो। तिनीहरूले परमेश्वरलाई सिमितरूपमा भेटीहरू दिएभने उहाँले पनि तिनीहरूलाई सिमितरूपमा आशिष दिनुभएको थियो। परमेश्वरलाई दिएको अनुपातमा तिनीहरूले पनि पाएका थिए।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ३, पृ. ३९५ बाट रूपान्तरित ।

हामी विश्वासद्धारामात्र मुक्ति पाउँछौँ भन्ने कुरामा बाइबल धेरै स्पष्ट छ। यो परमेश्वरको अनुग्रहको वरदान हो । परमेश्वरको अनुग्रहको प्रत्युत्तरमा हामी उहाँका आज्ञाहरू पालन गरेर देखाउँदछौँ; तर मुक्ति पाउन हामी आज्ञा पालन गरेका हौंइनौँ नत्र यो अनुग्रह हुने थिएन (रोमी ४:१-४)।

जब हामी परमेश्वरले हामीसँग गर्नुभएको दुई पक्षिय करारलाई हेर्दछौँ, हामीले पाउने आशिषहरू र हामीमा भएका जिम्मेवारीहरूलाई सोच्नुपर्दछ । जब परमेश्वरले हामीलाई प्रदान गर्नुहुने थोकहरूलाई हामी ग्रहण गर्छौँ तब उहाँसँग हाम्रो सम्बन्ध कायम राख्न पुग्दछौँ। यथार्थमा भन्ने हो भने हाम्रो भविष्यको निर्धारण हामीले नै गरिरहेका हुन्छौँ। आज्ञा पालन गर्नुभनेको हामीमा भएको प्रेमप्रति बफादारी हुनु र त्यसले अऱ्हाएको अनुसार सेवा गर्नुहो । येशूको सही वा सत्य चेला भएको प्रमाण त्यो हो। येशूलाई विश्वास गऱ्यो भने हामी आज्ञाहरू पालन गर्नुपर्दैन भनेर कतिपय इसाईहरूको धारणा विपरित विश्वासद्धारा येशूको अनुग्रह पाएर परमेश्वरले माग गर्नुभएको अनुसार उहाँको आज्ञाकारी हुन हामीलाई उहाँले नै सशक्त बनाउनुहुन्छ ।

**चिन्तनमननः**

अ. यदि प्रत्येक एडभेन्टिस्टले बप्तिस्माको बेलामा शपथ खाएको अनुसार दशांस दिन निर्णय गऱ्यो भने हाम्रो चर्चमा प्रसस्त पैसा सुसमाचार फैलाउन जम्मा हुनसक्छ भनेर कसैले भनेका थिए। दशांस र भेटीको मामिलामा तपाईं के गरिरहनुभएको छ? केको लागि चर्च स्थापना गरिएको थियो के त्यसमा तपाईं इमान्दार भएर लाग्नुभएको छ?

आ. परमेश्वरसँग हाम्रो सम्बन्धको मामिलामा हाम्रा निर्णय र कामहरू कतिको महत्त्वपूर्ण छ सो बारे चिन्तन गर्नुहोस्। विधिवादको धरापमा नपरिकन काम पनि गर्ने, आज्ञा पालन पनि गर्ने, दशांस र भेटी पनि दिने र परमेश्वरको असल भन्डारे कसरी हुने?

इ. कठित परिस्थितिमा पनि हामी परमेश्वरप्रति कसरी निष्ठावान हुने? यस्तो परिस्थितिलाई बुझ्दै निराश नहुनबाट हामी कसरी जोगिने?

# कथा २

## परमेश्वरसँग कारोबार



डिमित्री बेगल रुसबाट जर्मनमा रहेको फ्रिडेनसो एडभेन्टिस्ट विश्वविद्यालयमा धार्मिक विज्ञान अध्ययन गर्दै थिए। धेरै महिना त्यस विश्वविद्यालयमा अध्ययन गर्दा गर्दै उनलाई पैसाको अभाव भयो। विश्वविद्यालयको परिसरमा वा जेष्ठ नागरिकको घरमा उनले काम गर्न सक्थ्यो तर त्यसले केवल आँशिक सहयोगमात्रै हुन्थ्यो वा विश्वविद्यालयमा पढ्न खर्च पुग्दैनथ्यो। उनी विदेशी भएकोले जर्मनका विद्यार्थीहरूले जस्तै सरकारबाट ऋण लिएर अध्ययन गर्न सक्दैनथ्यो। पैसा फिर्ता गर्नु नपर्ने छात्रवृत्तिको निम्ति उनले अनुरोध गर्न सक्थ्यो तर त्यो सरकारबाट पाइने ऋणभन्दा थोरै थियो।

डिमित्रीलाई के गरुँ के गरुँ भयो। तब परमेश्वरसँग कारोबार गर्नुपर्छ भन्ने उनमा प्रभाव पऱ्यो। तब उनले प्रार्थना गरे, "प्रभु यदि यो छात्रवृत्ति मैले पाएँ भने मिशनको कामको निम्ति म दोस्रो दशांस व बिसप्रतिसत दशांस दिनेछु।"

अनि डिमित्रीले छात्रबृत्तीको निम्ति दरखास्त दिए। त्यो छात्रवृत्ति स्वीकृति भएकोले उनको खुशीको सिमाना रहेन। उनले आफ्नो पूरा आम्दानीबाट दोस्रो दशांस मिशनको कामको निम्ति अलग गरे। एक सेमिस्टर पछि अर्को सेमिस्टरमा उनले छात्रवृत्ति पाएको पाइरहे र उनले दोस्रो दशांस दिइनै रहे। दोस्रो दशांस दिएपछि पनि विश्वविद्यालयमा पढ्न र अरू खर्चको निम्ति उनमा पैसा भइरहेको थियो। अझ उनले आपतकालको निम्ति केही पैसा छुट्याउन सक्ने भएको थियो।

एकदिन जब डिमित्री मास्टरको निम्ति थेसिस लेख्दै थियो उनको पाँच वर्षे लापटपले कचकच गर्न थाल्यो। दुई पल्ट त्यसलाई ठिक पार्न आफैले सामना किनेर मर्मत गरेका थिए। एक दिन उनले लापटप बन्द नै गर्न नसक्ने भएको थियो। त्यो बन्द गर्ने उपकरणले काम गर्न छोडेको थियो। यदि उनको थेसिस पूरा गर्नुपरेको भए उनलाई नयाँ लापटपको जरुरी भएको

थियो। त्यसको लागि आपतकालिन समयको निम्ति अलिकति भएपनि पैसा भएकोले उनी खुशी थिए।

जब उनी प्रार्थना गर्दै थिए उनले रुसको अर्को साथीको बारेमा याद आयो। त्यो साथी दक्षिण अमेरिकाको जङ्गलमा मिशिनेरी भएर काम गर्दै थिए। उनको परिवारमा पाँच जना सदस्यहरू थिए। त्यस ठाउँको गर्मीले गर्दा उनको कम्प्युटर टाबलेटले काम गर्न छोडेको थियो। आफ्नो कामलाई निरन्तरता दिन उनलाई नयाँ र दिगो टाबलेटको ठूलो आवश्यक्ता भएको थियो। आफैलाई लापटपको आवश्यकता भएकोले बेलामा डिमित्रीले साथीको बारेमा किन याद आयो उनले भन्नै सकेन। तर पानीले नबिगार्ने, धुलोले नबिगार्ने लापटप किनेर साथीलाई पोस्ट गरेर पठाए।

साथीलाई त्यो लापटप पठाएको केही क्षणमा नै उनको लापटपको निम्ति चाहिने उपकरणको विज्ञापन देखा पर्‍यो। उनले त्यो उपकरणहरू मगाए र आफैले जोडे। त्यसले गर्दा उनको लापटप नयाँ जस्तै खोल्न र बन्द गर्न सक्ने भयो। आज पनि आठ वर्षपछि त्यो लापटप अचम्म तरिकाले काम गरिरहेको छ।

*मिशनलाई प्रार्थमिकता दिनेलाई परमेश्वरले आशिष दिनुहुन्छ भन्ने कुरामा डिमित्री ठोकुवा गर्छन्। "प्रभुले मेरो लापटपको आयु बढाउनुभयो। बाइबलमा लेखिएको यो वचन सत्यसावित भएको भएको छ, 'गरीबप्रति दयालु हुनु परमप्रभुलाई सापट दिनु हो, र त्यसले जे गरेको छ, त्यसको इनाम उहाँले त्यसलाई दिनुहुनेछ।' हितोपदेश १९:१७को पद सुनाउँदै परमेश्वरप्रति उनले आभार व्यक्त गर्दछन्।*

**-आन्ड्रयु मेकचेस्नी**